# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।०९।०५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

नेपाल राष्ट्र बैंकबाट अष्ट्रेलियामा रु.१० को ५ करोड थान पोलिमर नोट छपाई गरिँदा अष्ट्रेलियाको स्थानीय एजेन्टमार्फत आर्थिक लेनदेन गरेको, गुणस्तरहीन नोट छपाई भएको, नोट प्रिन्टिङ अष्ट्रेलियासँग गैर कानुनी मिलेमतो गरी उक्त स्थानीय एजेन्टमार्फत आर्थिक लेनदेन गरेको, गुणस्तरहीन नोट छपाई भएको भन्ने समेतको उजुरीउपर आयोगबाट अनुसन्धान हुँदा बोलपत्र पूर्व नै नेपाल राष्ट्र बैंकले नोट प्रिन्टिङ अष्ट्रेलियासँग बोलपत्रका मस्यौदा लिने, संचालक समितिका निर्णय चुहाउने, जर्मन कम्पनीसँगको साँचो नोट प्रिन्टिङ अष्ट्रेलियालाइ हस्तान्तरण गर्न लगाउने, नेपाल राष्ट्र बैंक र नोट प्रिन्टिङ अष्ट्रेलिया तथा त्यसका स्थानीय प्रतिनिधी बिचका निरन्तर पत्राचार हुने, छापिएका नोटका कमिकमजोरी मिडियामा नल्याउनका लागी मिडियाकर्मीहरुलाई थाईल्याण्ड हुदै अष्ट्रेलिया पठाउने, नोट छपाईका लागि जसलाई पछि कार्यदिश दिइएको हो उसलाई नै बोलपत्र पूर्व नै नोटको डिजाईन गर्न लगाउने, बोलपत्रका क्रममा स्थानीय प्रतिनिधिको प्रभावमा राजश्व छल्ने नियतले कमिशन उल्लेख नगर्ने, परल मूल्य प्रति हजार A$६८ बाट A$ ४ बढाउन लगाई सोही बमोजिम बोलपत्र र सम्झौता गरी नेपाल राष्ट्र बैंकका एव् नोट प्रिन्टिङ अष्ट्रेलियाका पदाधिकारीहरु र त्यसका स्थानीय प्रतिनिधिले नेपाल राष्ट्र बैंकलाई अस्वभाविक मूल्य तिराई नोक्सानी पुऱ्याई आफू समेतलाई फाइदा पुग्ने कसुर गरेको स-प्रमाण पुष्टी हुन आएको हुँदा उक्त कसुरमा संलग्न तपशिलमा उल्लेखित पदाधिकारीहरु तथा व्यक्तिलाई देहायबमोजिमको सजायको मागदावी लिई आज बिशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं | नाम थर | पद | कार्यालय | विगो | सजाय मागदावी |
|---|---|---|---|---|---|
| १ | तिलक रावल | तत्कालिन गभर्नर | नेपाल राष्ट्र बैंक | रु.९१,०९,८८९।५८ | साविक भ्रष्ट्राचार निवारण ऐन,२०१७ को दफा ७ को उपदफा (१) एवम् प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसुरमा साविक भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम र साविक भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा १४ क. र प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिमको थप सजाय हुन मागदावी |
| २ | उपेन्द्र केशरी पौडयाल | तत्कालिन नोट विभाग प्रमुख | नेपाल राष्ट्र बैंक | रु.९१,०९,८८९।५८ | " |
| ३ | हिमालय बहादुर पाँडे | स्थानिय प्रतिनिधी | मे फ्लावर लिमिटेड | रु.९१,०९,८८९।५८ | साविक भ्रष्ट्राचार निवारण ऐन, २०१७ को दफा ८ एवम् प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय हुन मागदावी |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता